फोन:०८१५६०४२३
इमेल: rstlsmd2@gmail.com

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# माटो तथा मल परिक्षण प्रयोगशाला

खजुरा, बाँके

प.स.: ०८३/८४
च.नं.: ०१

श्री राष्ट्रिय सुचना आयोग
काठमाण्डौ, नेपाल ।

मितिः २०८३/०४/०४

<u>बिषयः स्वतः प्रकाशन सुचना पठाईएको सम्बन्धमा ।</u>

प्रस्तुत बिषयमा यस कार्यालयको आ.व. २०८२/८३ को चौथो त्रैमासिक/वार्षिक हाल सम्मको स्वतः प्रकाशन सुचना यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध गर्दछु ।

कार्यालय प्रमुख
आशिष पाठक
प्रमुख
मुख्य माटो विज्ञ (नवौं)

बोधार्थ
श्री कृषि, भुमि व्यवस्था तथा सहकारी मन्त्रालय, राप्ति उपत्यका देउखुरी, नेपाल ।
श्री जिल्ला प्रशासन कार्यालय, बाँके ।
श्री जिल्ला हुलाक कार्यालय, बाँके ।

आ.व. २०८२/८३

माटो तथा मल परिक्षण प्रयोगशाला, खजुरा बाँके सूचनाको हक सम्वन्धी प्रतिवेदन
चौथो त्रैमासिक तथा वार्षिक सम्मको

(२०८२ श्रावन देखी २०८३ असार सम्म)

सूचनको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३)र सूचनाको हक सम्वन्धी नियमावली,२०७६ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकाएको नामः माटो तथा मल परिक्षण प्रयोगशाला, खजुरा, बाँके

तयारगर्ने :-

नाम : खिम बहादुर के.सी.
पदः- माटो विज्ञ
हस्ताक्षरः-

प्रमाणित गर्नेः-

नामः- आशिष पाठक
पदः- मुख्य माटो विज्ञ
हस्ताक्षर :-

आशिष पाठक
प्रमुख
मुख्य माटो विज्ञ (नवौं)

१. निकाएको स्वरुप र प्रकृतिः

<u>१ परिचय</u>

माटो पृथ्वीको खुकुलो सतहको त्यो पदार्थ हो जुन चट्टान खिएर वा टुक्रियर बनेका मसिना कणहरु र जीवजन्तुहरु तथा वनस्पतिहरु कुहिएर वा विघटन भएर बनेका अवशेषहरु मिलेर बनेको हुन्छ | करोडौं वर्षको लगातार प्रक्रिया पछी पृथ्वीमा आजको अवस्थाको माटो बन्न सकेको छ | वैज्ञानिकहरुका अनुसार सतहको १ से.मी. माटो बन्न हजार वर्ष लाग्दछ | किसानहरुको कोण बाट हेर्दा माटो विरुवाहरु उम्रन, हुर्कन, फुल्न र फल्नका लागी आधार हो | माटोले बोट विरुवालाई अड्याएर राखुको साथै विरुवालाई आवस्यक पर्ने पोषक तत्त्व पनी प्रदान गर्दछ | माटोनै विरुवालाई आवस्यक पर्ने १६ पोषक तत्त्व मध्ये १३ पोषक तत्त्वको प्रमुख स्रोत हो | माटोले विरुवालाई खान दिन्छ, विरुवाले जनावरलाई खाना दिन्छ र विरुवा तथा जनावरले मानिसलाई खान दिन्छ | यस अर्थमा मानिसका लागी माटोनै जिउने आधार हो | तेसैले माटोलाई वाली विरुवाको  खदधतत्त्व को भण्डार तथा उत्पादनको आधार पनी भन्न सकिन्छ |

वि.स. २०५१/५२ देखि क्षेत्रीय माटो परिक्षण प्रयोगशाला, खजुरा बाँके नामाकरण भै देशको बदलिदो संरचना अनुसार क्षेत्रीय माटो परिक्षण प्रयोगशाला, खजुरा नाम रहन गएको हो र नेपाल संङ्घीयतामा गई सके पश्चात् मिति २०७५ साल देखि माटो तथा मल परिक्षण प्रयोगशाला खजुरा, बाँके नामाकरण भएको हो | यस माटो तथा मल परिक्षण प्रयोगशाला खजुरा, बाँकेले प्रयोगशालाबाट किसानहरुको माटो जांच तथा माटो परिक्षण प्रतिवेदन किसानहरुकलाई वितरण गर्ने, माटो व्यवस्थापन सम्बन्धिका गोष्ठी कार्यक्रमहरु गर्ने, घुम्ती माटो परिक्षण प्रयोगशालाद्वारा माटो परिक्षण शिविर संचालन गर्ने, किट बक्सद्वारा माटो परिक्षण शिविर संचालन गर्ने, प्रांगारिक मल जांच गर्ने लगायतका माटो परिक्षण प्रविधि प्रसारसँग सम्बन्धित अन्य कार्यक्रमहरु आवधिकरुपमा निरन्तर संचालन गर्दै आईरहेको छ।

तसर्थ माटोको खदधतत्त्व व्यवस्थापन र माटो सुधारको लागी संघ र प्रदेशहरुमा प्रयोगशालाहरु स्थापित छन् भने ज्ञान केन्द्रहरु र स्थानीय तहहरुमा मिनिल्याबहरु समेत रहेका छन | १२ वटा जिल्लाहरु भएको यस लुम्बिनी प्रदेशमा जम्मा १ वटा मात्र माटो तथा मल परिक्षण प्रयोगशाला खजुरा, बाँकेमा अवस्थित छ | यस प्रयोगशालाले लुम्बिनी प्रदेशका १२ वटै जिलाहरुका किसानहरुको माटो तथा मलहरु विष्लेषण गरी माटो व्यवस्थापनमा सेवा पुर्याउदै आइरहेको छ |

विभिन्न जिल्ला स्थित ज्ञान केन्द्र तथा पालिकाहरुद्वारा संचालित माटो व्यवस्थापन कार्यक्रमहरु संचालनमा सहजीकरण हुनुको साथै कृषकहरुको माटो व्यवस्थापनमा सेवा टेवा पुगेको देखिन्छ |

बाँके जिल्लाको नेपालगंज सदरमुकाम देखि करिब ५ किलोमिटर पश्चिम गुलरीया सडक खण्ड अन्तर्गत जानकी गाउँपालीका वडा नं-०४ खजुरा खुर्द्धमा रहेको यस प्रयोगशाला कृषि अनुसन्धान निर्देशनालय, कृषि व्यवसाय सहयोग तथा तालिम केन्द्र,बिउबिजन प्रयोगशाला, बाली संरक्षण प्रयोगशाला, कोशेवाली अनुसन्धान कार्यक्रम र कुखरा फार्म लगायतका कार्यालयहरु एकै स्थानमा रहेका छन् ।

आशिष पाठक
प्रमुख
मुख्य माटो विज्ञ (नवौं)

उद्धेश्यः

- प्रयोगशालामा प्राप्त माटोको नमुनाहरु जांच गरी किसानहरुलाई माटो स्वस्थता प्रमाणपत्र वितरण गर्ने ।
- प्रयोगशालाद्वारा घुम्ती माटो परिक्षण शिविर संचालन गरी किसानहरुलाई माटो स्वस्थता प्रमाणपत्र वितरण गर्ने
- किसान तथा कृषि संग सम्बन्धित सरोकारवाला निकायहरु संग समन्वय गरी माटो व्यवस्थापनका कार्यक्रमहरु संचालन गर्ने ।
- प्रांगारिक मल विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।
- विभिन्न जिल्ला स्थित ज्ञान केन्द्र तथा पालिकाहरुद्वारा संचालित माटो व्यवस्थापन कार्यक्रमहरु संचालनमा सहजीकरण हुनुको साथै कृषकहरुको माटो व्यवस्थापनमा सेवा टेवा पुर्याउने ।

## २. निकाएको काम, कर्तव्य र अधिकार

(१) प्रचलित कानून बमोजिम तोकिएको सेवा शुल्क लिई माटोका नमूनाहरू परीक्षण तथा माटो स्वस्थता प्रमाणपत्र वितरण जस्ता कार्यहरू गर्ने,

(२) केन्द्रीय माटो परीक्षण प्रयोगशालाले पठाएको मध्यस्थ नमूना र विभिन्न प्रयोगशालाहरुसंग क्रसचेक नमूना परीक्षण गर्ने,

(३) माटो परिक्षण शिविर संचालन गर्ने,

(४) माटो व्यवस्थापन सम्बन्धि माटो दिवस तथा गोष्ठी जस्ता कार्यक्रमहरु संचालन गर्ने,

(५) प्रचलित कानून बमोजिम तोकिएको सेवा शुल्क लिई प्रयोगशालामा प्राप्त मलहरुको नमुना विश्लेषण गर्ने,

(६) माटो परिक्षणको प्रभावकारी अध्ययन तथा प्रतिवेदन तयार गर्ने

(९) माटो व्यवस्थापनको लागी प्राविधिक सेवा तथा प्रचार प्रसारका कार्यहरु गर्ने ।

निकाएको कार्यक्षेत्रः

लुम्बिनी प्रदेशका १२ जिल्लाहरुः- बाँके, बर्दिया, दाङ, प्यूठान, रोल्पा, रुकुम पूर्व, कपिलवस्तु, अर्घाखाँची, रुपन्देही, नवलपरासी ब.सु.प., पाल्पा र गुल्मी

आशिष पाठक
प्रमुख
माटो विज्ञ (लखौ

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण:

| क.स. | पद | तह/श्रेणी | स्विकृत दरवन्दी | पदपूर्ती | रिक्त पद | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | माटो व्यवस्थापन निर्देशक/मुख्य माटो विज्ञ | अधिकृतस्तर दशौं/नवौं | १ | १ | ० | |
| २ | माटो विज्ञ | अधिकृतस्तर सातौ/आठौ | २ | १ | १ | |
| ३ | माटो विज्ञान प्राबिधिक | पाँचौं/ छैठौं | २ | १ | १ | |
| ४ | नायव सुब्वा | पाँचौं/छैठौं | १ | ० | १ | संघबाट काजमा |
| ५ | लेखापाल | पाँचौं/छैठौं | १ | ० | १ | |
| ६ | माटो प्राबिधिक सहायक | चौथो/पाँचौं | १ | ० | १ | |
| ७ | कार्यालय सहयोगी | तह विहिन | २ | ० | २ | १ करारमा |
| ८ | भारी सवारी | तह विहिन | - | - | - | करार-१ |
| जम्मा | | | १० | ३ | ७ | करार-२<br>कामकाज-२ |

आशिष पाठक
प्रमुख
मुख्य माटो विज्ञ (नवौं)

## संगठन तालिका

- लुम्बिनी प्रदेश सरकार
  - कृषि तथा भुमि व्यवस्था मन्त्रालय
    - कृषि विकास निर्देशनालय
      - माटो तथा मल प्रयोगशाला, खजुरा बाँके (प्रमुख, अधिकृतस्तर नवौं/दशौं ) -१
        - **प्राविधिक शाखा**
          - माटो विज्ञ अधिकृतस्तर सातौं/आठौं-२
          - माटो विज्ञान प्राबिधिक पाँचौं/छैटौं-२
          - माटो प्राविधिक सहायकस्तर चौथो/पाचौं-१
        - **प्रशासन फाँट**
          - नायव सुब्बा पाचौ /छैठौ प्रशासन -१
          - कार्यालय सहयोगी श्रेणी विहिन -२
        - **आर्थिक प्रशासन फाँट**
          - लेखापाल पाँचौ/छैठौ-१

आशिष पाठक
प्रमुख
मुख्य माटो विज्ञ (नवौं)

कार्यविवरण:

क. प्राविधिक शाखा

माटोको नमुना संकलन गर्ने, दर्ता गर्ने तथा नमुना परिक्षण गर्ने

नमुना परिक्षण पस्चात माटो परिक्षण प्रतिवेदन तयार गर्ने

माटो परिक्षण प्रतिवेदनको आधारमा माटो स्वस्थता प्रमाणपत्र तयार गरी किसानलाई बुझाउने

माटो परिक्षण शिविर संचालन, प्रतिवेदन तयार तथा माटो स्वस्थता प्रमाणपत्र वितरण कार्यक्रम

माटो परिक्षण प्रतिवेदन अनुगमन तथा अध्यन प्रतिवेदन कार्यक्रम संचालन गर्ने

मल जांच तथा विश्लेषण गर्ने

माटो तथा मल परिक्षण प्रतिवेदन तथ्याङ्क अध्यावधिक राख्ने

प्राविधिक प्रतिवेदन तयार गर्ने

वार्षिक योजना तयार गर्ने तथा तदनुरुपका प्रगति प्रतिवेदन तयार गर्ने

ख. आर्थिक प्रसाशन शाखा

अ. लेखा फाँट

कार्यालयको विनियोजन राजश्व तथा धरौटीको लेखा राख्ने
मासिक वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने
आन्तरिक तथा अन्तिम लेखा परिक्षण गर्ने गराउने

आ. प्रसाशन फाँट

- कार्यालयका कर्मचारीहरुको दैनिक प्रसाशिनक व्यवस्थापन गर्ने
- कार्यालयको जिन्सी सामाग्री व्यवस्थापन गर्ने
- कार्यालयको नियमित मासिक वैठक संचालन गर्ने
- कार्यालयमा प्राप्त एंव प्रेषण गरिएका पत्रहरुको अभिलेख राख्ने

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:

प्रयोगशालाका कार्यहरू र जिम्मेवारी

१ प्रयोगशाला कार्यहरूको नियमित निरीक्षण तथा अनुगमन तथा विभिन्न निकायहरूसंगको समन्वय र सहकार्य, योजना, कार्यक्रम, नीतिगत सवालहरू सम्बन्धी कार्यहरू: आशिष पाठक

२ मेसिनरी तथा अन्य उपकरण खरिद, केमिकल तथा ग्लासवेर खरिद, अन्य मसलन्द खरिद तथा अन्य अन्य प्रसासनिक कार्य जिम्मेवारी: गीताल ओली पुन



आशिष पाठक
प्रमुख
मुख्य माटो विज्ञ (नवौं)

३ माटोको नमुना संकलन, विश्लेषण, तथा प्रतिवेदन तयार गर्ने मूख्य जिम्मेवारी: हरि कुमार थापा, खिम बहादुर के.सी., राजेन्द्र प्रसाद पन्त, सरिता कुमारी बम मल्ल, गीता रावल

४ माटो परिक्षण शिविर संचालन कार्य: मूख्य जिम्मेवारी, खिम बहादुर के.सी., तिलक बहादुर के.सी., हरि कुमार थापा, राजेन्द्र प्रसाद पन्त, सरिता कुमारी बम मल्ल, गीता रावल

| क्र.सं. | कार्यहरू | कार्यहरू | मूख्य जिम्मेवारी | सहायक जिम्मेवारी |
|---|---|---|---|---|
| १ | माटोको नमूना दर्ता तथा परिक्षण कक्ष | • माटो दर्ता<br>• माटो नमूना चेकजाँच<br>• शाखामा बुझाउनको लागी रिपोर्ट कार्ड तयारी गरी पेश गर्नु पर्ने ।<br>• नमुनाहरुको साप्ताहिक/मासिक प्रगति विवरण तयार तथा साप्ताहिक/मासिक/चौमासिक/बार्षिक प्रगति प्रतिवेदन तयारीको लागी समयमै तथ्यौंक उपलब्ध गराई योजना शाखामा पेश गर्ने । | हरि कुमार थापा/खिम बहादुर के.सी. (माटो प्राविधिक/ माटो विज्ञ) | सरिता कुमारी बम मल्ल, गीता रावल (ल्याव असिस्टेन्ट) |

सरसफाई: राजन चौहान

बगैंचा ब्यवस्थापन: पार्वती ओली

सवारी चालक र गाडी ब्यवस्थापन: राम थारु

प्राविधिक कार्यमा सहयोग तथा सरसफाईमा सहयोग: बिभिन्न प्राविधिक शिक्षालयबाट आएका प्राविधिक ओ जे टीहरू

आशिष पाठक
प्रमुख
मुख्य माटो विज्ञ (नवौं)

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

| क्र.स. | सेवाको प्रकृति | सेवाग्राहीले पुर्याउनु पर्ने प्रक्रिया र पेश गर्नुपर्ने कागजात | लाग्ने शुल्क/ दस्तुर(रुपैया)/ प्रति नमुना | लाग्ने समय अवधि (न्युनतम) |
|---|---|---|---|---|
| १ | माटोको नमुना जांच (नाइट्रोजन, फस्फोरस, पोटास ,प्रांगारिक पदार्थ, पी.एच. र टेक्सचार) | माटोको नमुना, ट्याग वा लेबल, जाँचको लागी निवेदन | ४००/- | ६ दिन |
| २ | प्रांगारिक मल विश्लेषण (प्रांगारिक कार्वन,पी.एच, नाइट्रोजन,फस्फोरस, पोटास, चिस्यान) | मलको नमुना, ट्याग वा लेबल, जाँचको लागी निवेदन | १५०२/- | ६ दिन |
| ३ | रासायिनिक मल विश्लेषण(नाइट्रोजन, फस्फोरस र पोटास) | मलको नमुना, ट्याग वा लेबल, जाँचको लागी निवेदन | १४५० | ६ दिन |

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी:

सेवाग्राहीले पुर्याउनु पर्ने तोकिएको प्रक्रिया र पेश गर्नुपर्ने कागजात पेश गरे पश्चात कार्यालय प्रमुखको आदेश अनुसार सम्वन्धित शाखाबाट सिफारिस भई निर्णय भई सम्वन्धीत शाखाको जिम्मेवार कर्मचारीबाट तोकिएको समयावधी भित्र सेवा लिन सकिने छ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी:

कार्यालयबाट संचालन भएका सेवाहरुको निर्णयको सम्वन्धमा गुनासो सुन्ने अधिकारी मार्फत कार्यालय प्रमुख समक्ष गुनासो गर्न सकिने छ ।

९. सम्पादन गरेको कामको विवरण:

९.१ संचालित कार्यक्रमहरुको मुख्य मुख्य उपलब्धीहरु (मुख्य कार्यक्रम)

| क्र.सं. | कार्य विवरण | एकाइ | लक्ष्य/ प्रगती | चौथो त्रैमासिक | हालसम्मको वार्षिक | कैफियत |
|---|---|---|---|---|---|---|
| A | प्रयोगशाला सेवा | | | | | |
| १ | माटो स्वस्थता प्रमाण पत्र पोस्टर पम्पलेट छपाई | पटक | लक्ष्य | ० | १ | |
| | | | प्रगति | ० | १ | |
| | | | प्रतिशत | ० | १०० | |
| २ | ग्लास्वेर तथा केमिकल खरिद | पटक | लक्ष्य | १ | ४ | |
| | | | प्रगति | १ | ४ | |
| | | | प्रतिशत | १०० | १०० | |



आशिष पाठक
प्रमुख
मुख्य माटो विज्ञ (नवौं)

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | प्रदेशबाट संचालित माटो व्यवस्थापन कार्यक्रमको अध्ययन तथा प्रतिवेदन तयार | पटक | लक्ष्य | ० | १ | |
| | | | प्रगति | ० | १ | |
| | | | प्रतिशत | ० | १०० | |
| ४ | रसायिनिक मल र प्रांगारिक मल उत्पादक/विक्रेताको नियमन | पटक | लक्ष्य | १ | ३ | |
| | | | प्रगति | १ | ३ | |
| | | | प्रतिशत | १०० | १०० | |
| ५ | विश्वो माटो दिवस | पटक | लक्ष्य | ० | १ | |
| | | | प्रगति | ० | १ | |
| | | | प्रतिशत | ० | १०० | |
| ६ | माटो परिक्षण शिविर भ्यान मार्फत | पटक | लक्ष्य | १ | ४ | |
| | | | प्रगति | १ | ४ | |
| | | | प्रतिशत | १०० | १०० | |
| ७ | रसायिनिक मल र प्रांगारिक मल नमुना संकलन तथा परिक्षण सहयोग | संख्या | लक्ष्य | ८ | २४ | |
| | | | प्रगति | ८ | २४ | |
| | | | प्रतिशत | १०० | १०० | |
| ८ | बायो फर्टिलाइजरको प्रभावकारिता परिक्षण | पटक | लक्ष्य | ० | १ | |
| | | | प्रगति | ० | १ | |
| | | | प्रतिशत | ० | १०० | |
| ९ | प्रांगारिक तथा रासायिनिक मलको नमुना क्रस जांच | पटक | लक्ष्य | १ | ४ | |
| | | | प्रगति | १ | १ | |
| | | | प्रतिशत | १०० | २५ | |
| B | प्राबिधिक सेवा टेवा | | | | | |
| १ | वार्षिक प्रगती तथा तथ्यांक पुस्तिका प्रकाशन | पटक | लक्ष्य | ० | १ | |
| | | | प्रगति | ० | १ | |
| | | | प्रतिशत | ० | १०० | |
| २ | माटोको नमुना संकलन तथा परिक्षण प्रतिवेदन (अभिमुखीकरण सहित) | पटक | लक्ष्य | २ | ८ | |
| | | | प्रगति | २ | ८ | |
| | | | प्रतिशत | १०० | १०० | |
| ३ | कृषि स्नातक इन्टर्न परिचालन | जना | लक्ष्य | ० | १ | |
| | | | प्रगति | ० | ० | |
| | | | प्रतिशत | ० | ० | |
| ४ | रियाजेन्ट खरिद | पटक | लक्ष्य | ० | १ | |
| | | | प्रगति | ० | १ | |
| | | | प्रतिशत | ० | १०० | |
| ५ | कार्यक्रमको कार्यान्वयन अनुगमन तथा मुल्यांकन | पटक | लक्ष्य | १ | ४ | |
| | | | प्रगति | १ | ४ | |



आशिष पाठक
प्रमुख
मुख्य माटो विज्ञ (नवौं)

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रतिशत | १०० | १०० | |
| C | प्रयोगशाला यन्त्र उपकरण खरिद | | | | | |
| १ | ए.सी. खरिद | संख्या | लक्ष्य | ० | १ | |
| | | | प्रगति | ० | १ | |
| | | | प्रतिशत | ० | १०० | |
| २ | स्टेविलाईजर खरिद | संख्या | लक्ष्य | ० | १ | |
| | | | प्रगति | ० | १ | |
| | | | प्रतिशत | ० | १०० | |
| ३ | इन्भर्टरको लागी ब्याट्री खरिद | संख्या | लक्ष्य | ० | २ | |
| | | | प्रगति | ० | २ | |
| | | | प्रतिशत | ० | १०० | |
| ४ | मफल फर्नेस खरिद | संख्या | लक्ष्य | ० | १ | |
| | | | प्रगति | ० | १ | |
| | | | प्रतिशत | ० | १०० | |
| ५ | AAS मेसिन खरिद | संख्या | लक्ष्य | ० | १ | |
| | | | प्रगति | ० | १ | |
| | | | प्रतिशत | ० | १०० | |
| ६ | डिजीटल स्वाईल टेस्ट किड खरिद | संख्या | लक्ष्य | ० | १ | |
| | | | प्रगति | ० | १ | |
| | | | प्रतिशत | ० | १०० | |
| ४ | प्रयोगशाला पूर्वाधार | | | | | |
| १ | कार्यालयको लागी फर्निचर खरिद | पटक | लक्ष्य | ० | १ | |
| | | | प्रगति | ० | १ | |
| | | | प्रतिशत | ० | १०० | |
| २ | प्रयोगशाला सुद्रीढीकरण तथा मर्मत | पटक | लक्ष्य | ० | १ | |
| | | | प्रगति | ० | १ | |
| | | | प्रतिशत | ० | १०० | |
| D | कृषि विभाग (संघ शसर्त अनुदान) DSM | | | | | |
| १ | प्रदेश समितिको बैठक | पटक | लक्ष्य | १ | २ | |
| | | | प्रगति | १ | २ | |
| | | | प्रतिशत | १०० | १०० | |
| २ | प्रयोगशाला उपकरणहरु (GPS, Soil auger, अन्य आवस्यक सामाग्री खरिद) | पटक | लक्ष्य | १ | २ | |
| | | | प्रगति | १ | २ | |
| | | | प्रतिशत | १०० | १०० | |
| ३ | जनशक्ति सेवा करार | संख्या | लक्ष्य | १ | १ | |
| | | | प्रगति | १ | १ | |



आशिष पाठक
प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रतिशत | १०० | १०० | |
| ४ | DSM माटो विश्लेषणको तथ्यांक व्यवस्थापन प्रतिवेदन तयारी र प्रकाशन | पटक | लक्ष्य | १ | १ | |
| | | | प्रगति | १ | १ | |
| | | | प्रतिशत | १०० | १०० | |
| ५ | DSM अपडेटको लागी माटो नमुना संकलन परिक्षण तथा GPS प्रयोग सम्बन्धि प्राबिधिक तालिम | पटक | लक्ष्य | १ | २ | |
| | | | प्रगति | १ | २ | |
| | | | प्रतिशत | १०० | १०० | |
| ६ | प्रयोगशाको लागी आवस्यक ग्लास्वेर रसायन र सुरक्षा सामाग्री खरिद | पटक | लक्ष्य | १ | २ | |
| | | | प्रगति | १ | २ | |
| | | | प्रतिशत | १०० | १०० | |
| २ | माटोको नमुना संकलन र परिक्षण कार्यक्रम | पटक | लक्ष्य | १ | २ | |
| | | | प्रगति | १ | २ | |
| | | | प्रतिशत | १०० | १०० | |

आशिष पाठक
प्रमुख
मुख्य माटो विज्ञ (नवौं)

९.३ हाल सम्म संचालित कार्यक्रमहरुको मुख्य मुख्य उपलब्धीहरु

| कार्यक्रम | सहभागी कृषक संख्या | उपलब्धी |
|---|---|---|
| माटोको नमुना संकलन तथा परिक्षण (माटो शिविर) | ६१५७ | कृषकहरुको खेतवारीको माटो सुधार तथा व्यवस्थापनमा सेवा टेवा पुगेको |
| प्रयोगशालामा प्राप्त प्रांगारिक मलको नमुना विश्लेषण | ४५ | गुणस्तरीय प्रांगारिक मल उत्पादनमा सहजीकरण भएको |
| विश्व माटो दिवस कार्यक्रम | ७४ | कृषकहरुलाई माटो जांच, माटो सुधार तथा व्यवस्थापन सम्बन्धि जनचेतना अभिब्रिद्दी भएको |
| प्रयोगशालामा प्राप्त माटोको नमुना विश्लेषण | ९०५ | कृषकहरुको खेतवारीको माटो सुधार तथा व्यवस्थापनमा सेवा टेवा पुगेको |
| DSM अपडेटको लागी माटोको नमुना संकलन र जी.पी.एस.को प्रयोग सम्बन्धी प्राबिधिक तालिम | २ पटक | DSM अधावधिकको लागी सहजीकरण हुने |
| बायोफर्टिलाइजरको प्रभावकारिता परिक्षण कार्यक्रम | १ पटक | गहुँ वालीमा माइकोराइजाको प्रयोग सम्बन्धि प्रभावकारिता अध्ययन कार्यक्रमम (माइकोराइजा प्रयोग गरिएको बोटमा ३.७ प्रतिशत बढी र दानामा ३७.५ प्रतिशत बढी फस्फोरस पाइयो भने वाली कटानीबाट उत्पादनमा करिव ५ प्रतिशत बढी भएको पाइएको थियो) । |
| DSM कार्यक्रम अन्तर्गत माटोको नमुना संकलन र परिक्षण कार्यक्रम | २ पटक | रोल्पा, दाङ्ग र बर्दिया जिल्लाबाट जम्मा ६११ वटा माटोको नमुना संकलन तथा विश्लेषण भइ DSM मा अध्यावधिकको लागी पठाईने |

१०. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पदः

सुचना अधिकारीः माटो विज्ञ, (अधिकृतस्तर सातौं तह), श्री खिम बहादुर के.सी., सम्पर्क मोवाइल नं.९८५८०६०४३६
कार्यालय प्रमुखः मुख्य माटो विज्ञ, श्री आशिष पाठक, सम्पर्क मोवाइल नं. ९८५८०६०४३५
यस कार्यालयको सम्पर्क फोन नं. ०८१-५६०४२३, ईमेलः rstlsmd2@gmail.com ,वेवसाइटः soillabkhajura.lumbini.gov.np रहेको छ साथै तालुक कार्यालय/ कृषि विकास निर्देशनालय, रुपन्देहीको सम्पर्क फोन नम्वर ०७१५३३१०५ रहेको छ ।

आशिष पाठक
प्रमुख
मुख्य माटो विज्ञ (नवौं)

१२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी अध्यावधिक विवरण:

१२.१ राजस्व संकलन विवरण:

| सि.नं. | विवरण | गैर कर राजस्व (रु. हजारमा) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | जम्मा | |
| १ | माटो तथा मल परिक्षण सेवा शुल्क तथा अन्य | ३८.० | ५०.० | ५१.३० | २६४.७९ | ४०४.०९ | |
| जम्मा | | ३८.० | ५०.० | ५१.३० | २६४.७९ | ४०४.०९ | |

१२.२ बेरुजु विवरण:- बेरुजु नभएको

१२.३ खर्च विवरण: बजेट (रु. हजारमा)

| बजेट उप शिर्षक नं. | कार्यक्रम/आयोजनाको नाम | विनियोजित बजेट (रु. हजारमा) | | | | | कुल खर्च रकम (रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बार्षिक | प्र.त्रै. | दो.त्रै | ते.त्रै. | चौ.त्रै | प्र.त्रै. | दो.त्रै | ते.त्रै. | चौ.त्रै | हाल स.खर्च |
| ३१२०००१२३ | कृषि उत्पादन, बजारीकरण, नियमन, प्रबिधि प्रसार कार्यक्रम | २०९० | ६१० | ६२० | ४३० | ४३० | १६४ | ३६१ | ४५४ | ४७६ | १४५५ |
| ३१२०१०१३४/३३ | पुजिगत /चालु कार्यक्रमहरु | १९२१२ | ११०२७ | ३२६६ | २३१३ | २६०६ | २२४१ | २००९ | १७३३ | ७३९१ | १३३७४ |
| जम्मा | | २१३०२ | ११६३७ | ३८८६ | २७४३ | ३०३६ | २४०५ | २३७० | २१८७ | ७८६७ | १४८२९ |
| ३१२९११२४३ | कृषि विभाग संघ ससर्त कार्यक्रम | १८०० | ८५० | ३०० | ३०० | ३५० | १३८ | १०५ | ९४६ | ५२९ | १७१८ |
| कुल जम्मा रु. | | २३१०२ | १२४८७ | ४१८६ | ३०४३ | ३३८६ | २५४३ | २४७५ | ३१३३ | ८३९६ | १६५४७ |

हालसम्मको (वार्षिक) वित्तीय प्रगति प्रतिशत ७१.६३%

आशिष पाठक
प्रमुख
मुख्य माटो विज्ञ (नवौं)




## कृषक वर्गहरुमा अनुरोधः

१. कम्तिमा ३/३ बर्षको फरकमा माटो जांच गराउनुपर्दछ ।

२. माटो जाँचको लागी प्रयोगशालामा माटोको नमुना पठाउनुपर्ने हुन्छ, किसानको खेतबारिको माटोको नमुना संकलनको लागी जिल्लास्थित ज्ञान केन्द्र तथा स्थानीय तहका कृषि शाखाका प्राविधिक अथवा प्रयोगशाला बाट सल्लाह लिन सकिने छ ।

३. संकलित नमुना प्रयोगशालामा सरकारी ऐन नियमअनुसारको राजश्व रकम जम्मा गरी प्रयोगशालामा दर्ता गराउन सकिने छ र दर्ता भएको कम्तिमा १ हप्ता (७ दिन) पछी मात्र किसानहरुलाई माटोको नमुना विश्लेषण पश्चात माटो जांच प्रतिवेदन (माटो स्वस्थता प्रमाणपत्र) उपलब्ध गराईने छ ।

४. किसानहरुले सोही माटो स्वस्थता प्रमाणपत्र (सिफारिस पत्र) को आधारमा आ-आफ्नो खेत बारीमा प्रांगारिक मल र रासायिनिक तथा अन्य माटो व्यवस्थापनका कार्यहरु गर्न सक्नुहुने छ ।

५. समयमै माटो जांच गराई आफ्नो खेतबारिको माटोको खाद्ध्य तत्त्व व्यवस्थापन गरी माटो स्वस्थता कायम राख्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

६. विस्तृत जानकारीका लागि सम्वन्धित जिल्लाको कृषि ज्ञान केन्द्र वा जिल्ला स्थित कृषि हेर्ने कार्यालय वा स्थानिय तहको कृषि शाखा वा यस प्रयोगशालाको वेव साईट/फेसबुक पेज वा प्रयोगशालामा सम्पर्क गर्नु हुन अनुरोध छ ।

माटो तथा मल परिक्षण प्रयोगशाला
खजुरा , बाँके
फोन नं. ०८१-५६०४२३

Email: rstlsmd2@gmail.com website: soillabkhajura.lumbini.gov.np

Facebook page: Soil Lab Khajura Banke